अन्नपूर्ण गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ संख्या :०४ मिति : २०८१।०१।१२

**भाग-२**

**अन्नपूर्ण गाउँपालिका**

## विपद कोष व्यवस्थापन कार्यविधि (पहिलो संशोधन) ,२०८१

विपद कोष व्यवस्थापन कार्यविधि कार्यविधि (पहिलो संशोधन) ,२०८१

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०१।०३

**प्रस्तावना :**

अन्नपूर्ण गाउँपालिकामा हाल कार्यान्वयमा रहेको विपद् कोष व्यवस्थापन कार्यविधि, २०७४ मा रहेको केही बुदाहरुमा संशोधन गर्नुपर्ने भएकाले अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०८० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी अन्नपूर्ण गाउँपालिकाको मिति २०८१।०१।०३ गते बसको बैठकले कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

१) **सङ्क्षिप्त नाम र प्रारम्भः-**

१) यो कार्यविधिको नाम 'विपद कोष व्यवस्थापन कार्यविधि कार्यविधि (पहिलो संशोधन) , २०८१' रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२) **मुल कार्यविधिको परिच्छेद-७ सात मा रहेको आपतकालिन उद्धार तथा राहत वितरण मा तपसिल बमोजिम संसोधन :**

(क) मा रहेको 'प्रति मृतक रु. १५००० ' सट्टामा 'प्रति मृतक रु. ३०००० ' र 'गम्भिर घाईते भएमा प्रतिब्यक्ति राहत स्वरुप रु. १०००० 'को सट्टामा 'गम्भिर घाईते भएमा प्रतिब्यक्ति राहत स्वरुप रु. १५००० 'वाक्यांश कायम गर्ने ।

(ख) मा रहेको 'कच्ची घर आंशिक क्षतिका लागि रु.३०००० 'सट्टामा 'कच्ची घर आंशिक क्षतिका लागि रु.२५००० ' वाक्यांश कायम गर्ने
साथै 'आरसीसी पक्की घर सामान्य क्षतिका लागि रु.१५००० र कच्ची घर सामान्य क्षतिका लागि रु.१०००० 'हटाउने ।

(ग) मा रहेको ' भैसी/राँगा प्रति गोटा(मृत्यु भएमा) रु. ५००० ' सट्टा ' भैसी/राँगा प्रति गोटा(मृत्यु भएमा) रु. ५००० ',
' गाई/गोरु प्रति गोटा(मृत्यु भएमा) रु. ३००० 'को सट्टा ' गाई/गोरु प्रति गोटा(मृत्यु भएमा) रु. १५०० ',
'घोडा/खच्चर प्रति गोटा(मृत्यु भएमा) रु. ५००० 'को सट्टा 'घोडा/खच्चर प्रति गोटा(मृत्यु भएमा) रु. १०००० ',
' भेडा/बाख्रा (न्यूनतम ५ संख्या भन्दा बढि मृत्यु भएमा) प्रति गोटा रु. १००० 'को सट्टा ' भेडा/बाख्रा (न्यूनतम ५ संख्या भन्दा बढि मृत्यु भएमा) प्रति गोटा रु. १५०० ', 'कुखुरा/हाँस (न्यूनतम १०० संख्या भन्दा बढि मृत्यु भएमा) प्रति गोटा रु. ३०० 'को सट्टा 'कुखुरा/हाँस (न्यूनतम १०० संख्या भन्दा बढि मृत्यु भएमा) प्रति गोटा रु. १००।– व्यवसाय दर्ता गरेको हकमा मात्र ',
' चौरी/याक प्रति गोटा(मृत्यु भएमा) रु. ६००० 'को सट्टामा 'चौरी/याक प्रति गोटा(मृत्यु भएमा) रु. ७००० ' र
' सुँगुर/ बंगुर प्रति गोटा(मृत्यु भएमा) रु. ३००० 'को सट्टामा 'सुँगुर/ बंगुर प्रति गोटा(मृत्यु भएमा) रु. १५०० ' वाक्यांश कायम गर्ने ।

राजपत्रमा प्रकाशित मिति : २०८१।०१।१२

आज्ञाले,
अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत